# त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ ।

बागमती प्रदेश, नेपाल

प.सं.:२०८३।८४ च.नं. : मिति : २०८३/०६/०६

## योजना सम्झौता सम्बन्धी सूचना !

यस त्रिपुरासुन्दरी गाउँपालिकाको आ.व.२०८३/०८४ को योजना तथा कार्यक्रमहरु सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्न गराउन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.आ.व.२०८३/०८४ को योजना तथा कार्यक्रमहरु मिति २०८३ पौष मसान्त सम्ममा अनिर्वाय सम्झौता गरि सक्नुपर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएको योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न कार्यालय वाध्य हुने छैन र सोको सबै जिम्मा सम्बन्धि उपभोक्ताहरु स्वयंम् हुनेछ ।

२.आयोजना सम्झौताको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरि कार्यालयमा पेश गर्नुपर्नेछ । संस्थागत रुपमा गरिने पूर्वाधार निर्माणको हकमा सम्बन्धित जग्गाको लालपूर्जाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

३.प्राविधिक लागत अनुमान, सम्झौता तथा कार्य आदेश विना कार्य गरेमा भुक्तानी दिन यस कार्यालय बाध्य हुनेछैन ।

४. उपभोक्ता समितिले अन्तिम भूक्तानी लिन आउनु भन्दा पहिला सामाजिक परिक्षण र खर्च सार्वजानिक अनिवार्य रुपमा गर्नुपर्नेछ ।

५.सम्झौता भएको २१ दिन पछि मात्र योजनाको भुक्तानी प्राविधिक प्रतिवेदन अनुसार हुने तर सम्झौता भएको तीन महिना भित्र भुक्तानीको लागि संलग्न सम्पूर्ण कागजातहरु कार्यालयमा पेश गरि सक्नुपर्नेछ ।

६. योजना सञ्चालनको लागि आयोजना सम्झौता गर्दा दुई लाख सम्मलाई रु ५०० दस्तुर र दुई लाख भन्दा माथिको योजना सम्झौता गर्दा रु. १००० दस्तुर वडा कार्यालयमा नै दाखिला गरि रसिद सहित गाउपालिकाको कार्यालयमा उपभोक्ता समिति आउनुपर्नेछ ।

७. योजनाबाट प्रत्यक्ष लाभ लिने उपभोक्ताहरुको आम भेला गरी बस्ती स्तरमा उपभोक्ता समिति गठन गरेको हुनुपर्नेछ र योजना सम्झौता गर्न आउदा उक्त भेला सहितको फोटो र कार्यास्थलको फोटो अनिवार्य पेश गर्नुपर्नेछ । कम्तिमा ३३ प्रतिशत महिला एउटा प्रमुख पद सहित २५ जना भन्दा माथिको नागरिकताको नाम बमोजिम उपस्थित, जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा उपभोक्ता समिति गठन भएको, कम्तिमा ७ दिन अगावै स्वीकृत योजनाको नाम सहित समिति गठनको लागि वडाले स्थान, समय र मिति सहितको सूचना निकालेको माईन्यूट शीर्षक अनुसार शुद्ध र केरमेट नभएको समितिको पदाधिकारीहरु स्थायी नियमित बसोवास भईरहेका हुनुपर्नेछ ।

८.स्वीकृत आयोजनामा खटिएको भनि डोर हाजिरमा उल्लेखित श्रमिकहरुको नागरिकताको प्रमाणित प्रतिलिपि र सम्पर्क नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।

बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं:०१०-५२१००७,०१०-५२१००८ इमेल: info@tripurasundarimundhading.gov.np, tripurasundaridhading@gmail.com

URL: www.tripurasundarimundhading.gov.np

"शिक्षा ,स्वास्थ्य ,कृषि जलस्रोत,पर्यटन र पूर्वाधार ; समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार"

CamScanner

प.सं.:२०८३।८४ च.नं. : मिति : २०८३/०६/०६

९. उपभोक्ता समिति गठन भई योजनाको कार्य गर्दा हेभी ईक्युप्मेन्ट प्रयोग गर्नुपर्ने भएमा प्राविधिकको सिफारिस अनिवार्य लिनुपर्नेछ, अन्यथा मान्य हुने छैन ।

१०. त्रिपुरासुन्दरी गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धित कार्यविधि २०८३ अनुसार उपभोक्ता समिति गठन तथा सञ्चालन गर्नुपर्नेछ । उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यमा जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी बस्ने पाईने छैन ।

११. त्रिपुरासुन्दरी गाउँपालिका र बागमती प्रदेशको आर्थिक ऐन अनुसार अनिवार्य कर तिर्नुपर्नेछ ।

१२. उपभोक्ताहरुको विलहरु पेश गर्दा जिल्ला दर रेट अनुसार पेश गर्नुपर्नेछ ।

१३. रु. बीस लाख देखि माथिका योजनाहरुको निर्माण कार्य र मानव संशाधनको बीमा भएको हुनुपर्नेछ ।

१४.रु.दश लाख देखि २५ लाख सम्म योजनाहरुमा ५ प्रतिशत र सो भन्दा माथिका योजनाहरुमा ७.५ प्रतिशत धरौटी रकम उपभोक्ता समितिले पाउने भुक्तानी बाट कट्टा गरिनेछ । १३ महिनासम्म उक्त योजनामा केही त्रुटी नभएमा सो धरौटी रकम सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता गरिनेछ। केही त्रुटी भएमा उक्त त्रुटी सच्चाएपछि मात्र उक्त रकम प्राविधिक प्रतिवेदनको आधारमा फिर्ता गरिनेछ ।

१५.सबै योजनाहरुको सूचना पाटी अनिवार्य लगाउनु पर्नेछ र भुक्तानीको लागि सोको फोटो पेश गर्नुपर्नेछ ।

१६. योजना शुरु हुनु भन्दा अगावैको, काम भईरहेको र सम्पन्नको फोटोहरु पेश गर्नुपर्नेछ ।

१७. उपभोक्ता समितिको माईन्यूट यस सूचनासंग संलग्न नमूना माईन्यूट अनुसार बनाएको हुनुपर्नेछ ।

१८. उपभोक्ता समितिले भूक्तानी लिन आउनु भन्दा पहिला अनुगमन समिति, वडा स्तरिय र पालिका स्तरिय अनुगमन अनिवार्य रुपमा गर्नु गर्नुपर्नेछ ।

१८.समिति गठन पश्चात बहुसंख्यक उपस्थितिबाट माईन्यूट (निर्णण पुस्तिका) को अन्त्यमा बन्द गरिएको हुनुपर्नेछ ।

१९. सबै जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु, राजनीतिक दल, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वयंसेविका, बुद्धिजिवी, समाजसेवी, भद्रभलादमी, आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरुलाई योजना कार्यन्वयनमा सकारात्मक र रचनात्मक सहयोग गरि दिनुहुन अनुरोध गर्दछौ ।

विर सिंह भण्डारी
प्रमुख प्रशासकी अधिकृत

बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं :०१०-५२१००७,०१०-५२१००८ इमेल: info@tripurasundarimundhading.gov.np, tripurasundaridhading@gmail.com
URL: www.tripurasundarimundhading.gov.np

"शिक्षा ,स्वास्थ्य ,कृषि जलस्रोत,पर्यटन र पूर्वाधार ; समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार"

CamScanner